म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २१२ २०८० असार १२ गते मंगलबार 27 June 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**बाढीपहिरोबाट जागोऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरो जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू–क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रथम प्रदेश युवा सम्मेलन–२०८० सुरु




*प्रथम प्रदेश युवा सम्मेलनको उद्घाटन गर्नुहुँदै मन्त्री कुमारी मुक्तान ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश युवा परिषद्को आयोजनामा प्रदेश युवा सम्मेलन २०८० सुरु भएको छ । सोमबार बिहान बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मुक्तानले सम्मेलनको उद्घाटन गर्नुभयो ।

सम्मेलनमा प्रदेशका १३ जिल्लाबाट १ सय ५० युवा सहभागी छन् । सोमबार र मंगलबार दुई दिन चल्ने सम्मेलनमा युवाका विषयमा विभिन्न ५ क्षेत्रमा केन्द्रित रहेर समूह छलफल हुनेछ ।

युवालाई सामाजिक र सार्वजनिक जीवनमा सहभागी गराउन, नवप्रवर्तन र उद्यमशीलता विकसित गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरिएको बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले बताउनुभयो ।

सम्मेलनको अवधारणा प्रस्तुत गर्नुहुँदै उपाध्यक्ष चौलागाईले परिषद्ले प्रदेश युवा नीति–२०७९ तयार पारेपछि प्रदेशमा युवाका लागि काम गर्न आवश्यक सल्लाह, सुझाव संकलन गर्न र अवधारणा निर्माण गर्न सम्मेलन उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको छ । युवा पुस्तामा चरम निराशाका बीच आशा जगाउन आवश्यक रहेको उहाँको भनाइ छ ।

युवा सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मुक्तानले युवा पुस्तामा छाएको निराशालाई व्यवस्थापन गर्नु जरुरी रहेको बताउनुभयो । सुशासन र नवप्रवर्तनको विकास गर्न प्रदेश सरकार चिन्तनशील रहेको बताउनुहुँदै मन्त्री मुक्तानले भन्नुभयो, 'सम्मेलनबाट समस्या पहिचान गर्नेमात्रै नभई युवा वर्गका समस्या समाधानका उपाय पनि खोजी गर्न आग्रह गर्छु ।' युवाका समस्या समाधान गर्ने उपाय खोजी गर्न सम्मेलन उपयोगी हुने मन्त्री मुक्तानले विश्वास व्यक्त गर्नुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले प्रदेश सरकारले युवा परिषद् र खेलकुद विकास परिषद् गाभ्ने प्रयास गरिरहेको भन्दै युवालाई सचेत हुन आग्रह गर्नुभयो । उहाँले युवालाई प्रदेश सरकारको कामकारवाहीका बारेमा सघन निगरानी गर्न आग्रह गर्नुभएको छ । आफूले प्रदेशसभामा युवाको मुद्दालाई उठान गर्ने बताउनुहुँदै प्रदेशसभा सदस्य श्रेष्ठले युवालाई सीप र क्षमता विकासका लागि हरेक जिल्लामा प्रदेश सरकारको सीप विकास तालिम केन्द्र स्थापना गर्न आवश्यक रहेको बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले युवाको विकास र सशक्तिकरणका लागि प्रदेश युवा सम्मेलन कोशेढुंगा सावित हुने विश्वास व्यक्त गर्नुभयो । युवाका लागि देशभित्रै अवसर सिर्जना गर्ने र उत्पादनमा युवालाई संलग्न गराउनुपर्ने उहाँले जोड दिनुभयो ।

उद्घाटन कार्यक्रममा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष प्रा.डा. नीर बिक्रम थापा, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको पनि आतिथ्य रहेको थियो ।

### बागमती प्रदेश प्रहरीमा ४ वटामात्र बालविवाहको मुद्दा दर्ता

## अनलाइन बाल संरक्षण चुनौतीपूर्ण

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा बालविवाहको घटना अत्यधिक रहेको छ । बाल हेल्पलाइन मकवानपुरमा आर्थिक वर्ष २०७९/०८० मा ११ बालक र ३३ बालिका गरी ४४ वटा बालविवाहको घटना दर्ता भएको छ ।

सामाजिक सञ्जालमा सहजै अन्जान व्यक्तिसँग नजिक हुन पुग्दा बालविवाहका घटना बढिरहेको पाइएको छ । तर बागमती प्रदेश प्रहरी कार्यालयमा भने बालविवाहको मुद्दा ४ वटामात्र दर्ता भएको छ । यसले बालविवाहको घटना प्रहरी कार्यालयमा जाने नगरेको पुष्टि भएको छ ।

बाल हेल्पलाइन मकवानपुरको आयोजनामा गरिएको एक दिवसीय अनलाइन बाल संरक्षणसम्बन्धीज्ञ अभिमुखीकरणको क्रममा यस्तो बताइएको छ । सोमबार नगर सहजकर्ता, वडा सहजकर्ता, बालगृहका पदाधिकारी, मामाघर नेपाल, जनप्रतिनिधि, सञ्चारकर्मी र किशोरी तथा बाल समूहका पदाधिकारीलाई दिइएको अभिमुखीकरणमा यस्तो बताइएको हो ।

हेटौंडा उपमहानगरपालिकाको २०८० मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारीलाई सहयोग हुनेगरी अनलाइन बाल संरक्षणबारे दोस्रो चरणको अभिमुखीकरण दिइएको बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले बताउनुभयो । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकासम्बन्धी हकलगायत कानुनी व्यवस्थाबारे संयोजक ज्ञवालीले सहजीकरण गर्नुभयो ।

यस्तै, बाल हेल्पलाइनले २००८ मा अनलाइनमा बाल संरक्षण विषयमा नेपालमा पहिलोपटक र २०२० मा सातै प्रदेशमा अनलाइन बाल संरक्षण विषयमा सर्वेक्षण गरेको जानकारी दिनुभयो । सर्वेक्षणका क्रममा बालबालिका बढी अनलाइन जोखिममा रहेको पाइएको उहाँको भनाइ छ । हेटौंडा बालमैत्री स्थानीय शासन घोषणाको चरणमा रहेको अवस्थामा अनलाइन बाल संरक्षणबारे नागरिक समाज, सरकारी निकाय, स्थानीय तह, बाल समूह, किशोरी समूहसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।

साइबर ब्युरोमा दर्ता भएका घटनामध्ये ९९ प्रतिशत साइबर अपराधका घटना छन् । बालबालिकामात्र नभई ठूला मानिसहरु पनि सुरक्षित तबरले अनलाइनमा नरहँदा जोखिम हुनसक्ने उहाँले बताउनुभयो । 'सबैले सामाजिक सञ्जाल कसरी प्रयोग गर्ने भन्ने विषयमा बुझ्न जरुरी रहेको छ', ज्ञवालीले भन्नुभयो– 'बालबालिकाप्रति अभिभावकले विशेष चासो राख्नुपर्ने हुन्छ ।'

बालबालिकालाई अनलाइन यौन शोषण, आफूलाई कसरी सुरक्षित राख्ने, पीडित भएमा के गर्ने, सामाजिक सञ्जाल प्रयोग गर्नुअघि नै बालबालिकालाई जानकारी दिनुपर्ने उहाँले बताउनुभयो । स्थानीय तहले समेत अनलाइन बाल संरक्षणबारे सचेतना दिन जरुरी रहेको भन्दै शैक्षिक संघसंस्थाको भूमिकाबारे पनि उहाँले ध्यानाकर्षण गराउनुभयो । ज्ञवालीले अनलाइन बालयौन शोषणमा अनेकथरी व्यवहार र परिस्थितिहरु समावेश हुने बताउनुभयो ।

कोभिडपश्चात् सुर्खेतबाट हेटौंडामा १६ बर्षीय बालक र १६ वर्षीया बालिकाको भेट, करिब १ वर्ष अगाडि हेटौंडा–२ बस्ने १४ वर्षीया बालिका र लमजुङको १६ वर्षीय बालकबीच सामाजिक सञ्जालबाट भेट भएको बताउनुभयो । जसले गर्दा बालबालिकाले सामाजिक सञ्जालमा के गर्दैछन् भन्ने बुझ्न गाह्रो रहेको पुष्टि गर्ने उहाँको भनाइ छ । बालविवाहका सबै घटना दर्ता नहुँदा अनलाइन बाल संरक्षण चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो ।

## सेवाग्राहीसँग अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकामा सेवाग्राहीसँग अन्तरक्रिया भइरहेको छ । उपमहानगरपालिकाले सेवाग्राहीसँग राम्रो सम्बन्ध राख्न अन्तरक्रिया गरिरहेको अनुगमन अधिकृत कृष्ण पाण्डेले बताउनुभयो ।

अइतबारबाट सुरु भएको अन्तरक्रियामा २ सय सेवाग्राहीसँग कुरा भएको छ । नगरपालिका आफैंले सेवाग्राहीले के कसरी सेवा पाइरहेका छन्, सेवाग्राहीको प्रतिक्रिया के छ थाहा पाउन सल्लाहकार छनोट गरेको पाण्डेले जानकारी दिनुभयो ।

सेवाग्राहीको धारणा, भावना, सन्तुष्टि बुझ्न ३–४ दिनसम्म अन्तरक्रिया गरिने बताइएको छ । सेवाग्राहीसँग जोडिइरहने उद्देश्यले उपमहानगरपालिकाले अन्तरक्रिया गरेको पाण्डेले बताउनुभयो ।

## लागूऔषध दुरुपयोगविरुद्ध सचेतना र्‍याली

समाज संवाददाता

हेटौंडाः लागूऔषध दुरुपयोग तथा अबैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हेटौंडामा सचेतना र्‍याली भएको छ । सोमबार जिल्ला लागूऔषध नियन्त्रण अभियान समिति/रिकभरीङ नेपाल मकवानपुर, सामुदायिक प्रहरी र सशस्त्र प्रहरीको संयुक्त आयोजनामा लागूऔषध दुरुपयोगविरुद्ध सचेतना र्‍याली गरिएको हो ।

रिकभरीङ नेपालको केन्द्रीय सदस्य सौजन डीसीको नेतृत्वमा र्‍याली भएको हो । र्‍यालीमा संस्थाको बागमती प्रदेश उपाध्यक्ष निर्मल बिडारी, सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा, गैरसरकारी संस्था महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, सामुदायिक प्रहरीका प्रतिनिधिहरु, सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वाटर मकवानपुरका प्रतिनिधिहरु र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता थियो । र्‍यालीमा ब्यानर, प्लेकार्ड प्रदर्शन गरिएको थियो ।

र्‍याली जिल्ला प्रहरी कर्यालय मोडबाट सुरु भई बसपार्क, टीसीएन रोड, सीमाचोक हुँदै बुद्धचोकमा पुगेर सम्पन्न भएको हो । र्‍यालीमा 'लागूऔषध लिने बानी, स्वास्थ्य र धनजनको हानि', 'लागूपदार्थको नशा, जीवनको दुर्दशा', 'हामी सबैको आवाज, लागूऔषधमुक्त समाज', 'स्वच्छ जीवन उच्च विचार, लागूऔषधको गरौं बहिस्कार', 'लागूऔषध त्यागौं, स्वस्थ्य र सुखी जीवनतर्फ लागौं' भन्दै नारा लगाइएको थियो ।

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## बागमतीले ल्याउन सकेन बजेट

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट समयमा पेश गर्न असफल भएको छ । असार १० गतेभित्र सबै स्थानीय तहले आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम र बजेट पेश गर्नुपर्ने भए पनि बागमतीले समयमा ल्याउन असफल भएको हो ।

आइतबार भएको गाउँसभामा नेपाली कांग्रेस र नेकपा एमालेका जनप्रतिनिधिहरुले बैठक छाडेपछि नीति तथा कार्यक्रम ल्याउन नसकेको हो । बागमती गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले छलफल सकारात्मक नभएपछि आफूहरुले बैठक छाडेर हिंडेको बताउनुभयो । सबै बजेट विकेन्द्रीकरणको नाममा केन्द्रीकरण गर्ने काम भएको उहाँले आरोप लगाउनुभयो ।

पालिका अध्यक्ष सर्केश घलानले मात्र प्रयोग गर्ने खालको एजेण्डा ल्याएको भन्दै आफूहरुले बैठक छाडेको उहाँको भनाई छ । माओवादी केन्द्रबाट विजयी पालिका अध्यक्ष घलानले आफूहरुसँग बहुमत छ भनेर जिद्दीपन देखाएको उहाँले बताउनुभयो । सबै नीति तथा कार्यक्रमहरु परिमार्जन गर्ने काम भएको उहाँले बताउनुभयो । यसपटक पालिकाले ६४ करोड रुपैयाँ बराबरको बजेट ल्याउने उहाँले बताउनुभयो । आर्थिक क्रियाकलाप र उत्पादनमुखी नीति तथा कार्यक्रम आउने उहाँको भनाइ छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले मंगलबार कार्यपालिकाको बैठक आह्वान गरिएको बताउनुभयो । दिउँसो १ बजे बस्ने कार्यपालिका बैठकबाट गाउँसभाको मिति तय हुनसक्ने उहाँले बताउनुभयो ।

## आजबाट प्रदेशको बजेटमाथि छलफलमा सुरु हुँदै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको बैठक मंगलबार बस्दैछ । दिउँसो १ बजे बस्ने प्रदेशसभा बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तुत बजेटमाथि छलफल हुने भएको छ ।

बागमती प्रदेश सरकारले प्रदेशको आगामी आर्थिक वर्षका लागि ६२ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँको बजेट ल्याएको थियो । मंगलबार बस्ने बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कडारुपमा प्रस्तुत हुने भएको छ ।

नेकपा एमाले र राप्रपाले प्रदेश सरकारले प्रस्तुत गरेको अहिलेको बजेट बेठिक भएको बताउँदै आएको छ भने सभाबाट पास हुन नदिने दावी गरेको छ । प्रदेशको बजेटको २७ प्रतिशत मुख्यमन्त्री, अर्थमन्त्री र भौतिक पूर्वाधारमन्त्रीको गृह क्षेत्रमा रहेको आरोप लगाउँदै आएको छ ।

## इन्द्रसरोवरको बजेट ४४ करोड ३४ लाख




समाज संवाददाता

हेटौंडाः इन्द्रसरोवर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ४४ करोड ३४ लाख ५० हजार रुपैयाँ बजेट सार्वजनिका गरेको छ । गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाले आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्नुभएको हो ।

पालिकाले आइतबार गाउँसभाको १२ औ अधिवेशनबाट बजेट पारित गरेको छ । पालिकालाई संघीय सशर्त अनुदान चालुतर्फ १३ करोड ४० लाख, संघीय विशेष अनुदान १ करोड, तोकिएका पूर्वाधार निर्माणका लागि संघीय समपूरक अनुदान १ करोड ७० लाख, संघीय समपूरक अनुदान प्रशासकीय भवनतर्फ २ करोड ५० लाख प्राप्त भएको थियो ।

पालिकाले वीर फाखेल मैत्रीपार्क निर्माण निरन्तरताका लागि ३० लाख, वडा नम्बर ४ वडा कार्यालय र वडा नम्बर ५ को स्वास्थ्य चौकीको बाँकी रहेको भुक्तानी दिन ६० लाख विनियोजन गरेको छ । पालिकालाई प्रदेश विशेष अनुदानतर्फ ५० लाख, प्रदेश समपूरकतर्फ २ करोड ५० लाख, प्रदेश सशर्त अनुदानतर्फ १ करोड ९९ लाख ५० हजार र प्रदेश सरकारको समपूरक अनुदानतर्फ ३ करोड प्राप्त भएको छ ।

पालिकाले बडागत सिलिङमा २ करोड ८५ लाख, चालुतर्फ ८ करोड, विभिन्न शाखाको शाखागत दायित्वसमेत ४ करोड गरी ४४ करोड ३४ लाख ५० हजार खर्च हुने अनुमान गरी बजेट ल्याएको उपाध्यक्ष लामाले बताउनुभयो ।

पालिकाको सञ्चित कोष अनुमानित मौज्दातमा १ करोड २९ लाख ५० हजार रहेको छ । संघीय वित्तीय समानीकरण अनुदानमा ७ करोड २६ लाख, संघीय सशर्त अनुदान १३ करोड ४० लाख, संघीय राजस्व बाँडफाँडमा ६ करोड ४६ लाख १९ हजार ६ सय रुपैयाँ, संघीय राजस्व बाँडफाँड अनुदान (विद्युत रोयल्टी र वन) मा २ करोड २६ लाख ४७ हजार ७ सय ५९, प्रदेश वित्तीय समानीकरण अनुदानमा ६४ लाख ६८ हजार, प्रदेश सशर्त चालुमा १ करोड ९९ लाख ५० हजार, प्रदेश राजस्व बाँडफाँड (सवारी साधन) अनुदानमा १ करोड ९१ लाख ७ हजार २ सय ७८, संघीय विशेष अनुदानमा १ करोड, प्रदेश समपूरक कोषबाट २ करोड ५० लाख, प्रदेश विशेष अनुदानमा ५० लाख र आन्तरिक आयमा ३ करोड ४१ लाख ७ हजार ३ सय ६२ रुपैयाँ आम्दानी हुने जनाएको छ ।

# सम्पादकीय

## हेटौंडा सिमेन्ट धराशायी बन्दै

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग धराशायी बन्दै गएको छ । उद्योगले पूर्ण क्षमतामा सिमेन्ट उत्पादन गर्न नसक्दा घाटा बढ्दै गएपछि उद्योग नै धराशायी बन्दै गएको हो । मुलुकभर गुणस्तरीय सिमेन्ट उत्पादनमा ख्याति कमाएको हेटौंडा सिमेन्ट उद्योग विभिन्न कारणले बन्द हुने र क्षमताभन्दा ज्यादै कम उत्पादन हुने गरेको छ । उद्योगका मेशिन, उपकरण पुरानो हुनु र उद्योग व्यवस्थापनको लापरबाहीले उद्योगमा विभिन्न प्राविधिक समस्या आएर बारम्बार उत्पादन बन्द हुँदा उद्योग निरन्तर घाटामा गइरहेको छ । धेरै वर्षदेखि घाटामा रहेको उद्योगले विगतका केही वर्षमा सामान्य नाफा आर्जन गरेको भए पनि ३-४ वर्षदेखि निरन्तर घाटामा गइरहेको छ । बारम्बार उद्योगको उत्पादन बन्द हुने र क्षमताको निकै कममात्र उत्पादन गर्ने गरेका कारण उद्योग घाटामा गइरहेको छ । घाटा चुलिँदै गएपछि अन्य सार्वजनिक संस्थानको नियति हेटौंडा सिमेन्टले पनि बेहोर्नुपर्ने अवस्था देखिएको छ ।

वि.सं २०३३ सालमा शिलान्यास भई २०४२ सालबाट व्यावसायिक उत्पादन सुरु भएको हेटौंडा सिमेन्ट उद्योग कुनैबेला सिमेन्टको पर्याय बनेको थियो । सरकारी तथा व्यक्तिगत सबै प्रकारका भौतिक संरचना निर्माणमा हेटौंडा सिमेन्ट पहिलो रोजाइमा पर्दथ्यो । हप्तौंसम्म कुरेर भए पनि हेटौंडा सिमेन्ट प्रयोग गरेर संरचना निर्माण गर्ने गरिन्थ्यो । तर, अहिले निजी उद्योगहरुको दबदबा र उद्योग जीर्ण हुँदै गएपछि हेटौंडा सिमेन्टको अस्तित्व बचाउने चुनौती बनेको छ । उद्योगको प्रतिदिन ७ सय ५० टन सिमेन्ट उत्पादन क्षमता रहेकोमा अहिले क्षमताको ४० प्रतिशतभन्दा कम उत्पादन भइरहेको छ । उद्योगमा कोइला र विद्युत् धेरै खर्च हुने र कोइलाको मूल्यवृद्धि भएका कारण उद्योगको घाटा बढेको उद्योग व्यवस्थापनको भनाइ छ । सरकारले ९० करोड रुपैयाँ लगानी गरेर स्थापना गरेको हेटौंडा सिमेन्ट उद्योग अहिले २० करोड घाटामा रहेको छ । उद्योगलाई नाफामा लैजान क्षमताको कम्तिमा ७६ प्रतिशत उत्पादन हुनेगरी सञ्चालनमा ल्याउनुपर्ने बताइएको छ ।

उद्योग पूर्णरुपमा घाटामा भएकाले सरकारले थप बजेट उपलब्ध नगराए चल्न नसक्ने अवस्थामा पुगेको छ । उद्योगलाई आधुनिकीकरण गरी सञ्चालन गर्न १ अर्ब ६० करोड रुपैयाँ खर्चको अनुमानसहित उद्योग मन्त्रालयसमक्ष बजेट व्यवस्थापनका लागि पहल भइरहेको छ । उद्योगमा ६५५ जनाको दरबन्दी रहेकोमा अहिले १९६ जना कर्मचारी कार्यरत रहेका छन् । यति धेरै कर्मचारी कटौती हुँदा पनि उद्योग घाटामा गइरहनु र उद्योगले क्षमताको न्यूनमात्र उत्पादन गर्नुलाई सरकारले गम्भीररुपमा लिनुपर्ने देखिन्छ । उद्योगसँग अझै ८०-९० वर्षसम्म चल्नसक्ने आकर्षक चुनढुंगा खानी छ । धेरै टाढाबाट कच्चापदार्थ ल्याएर सञ्चालन भइरहेका निजी उद्योग नाफामा गइरहनु तर, नजिकैको खानीबाट कच्चापदार्थ ल्याउँदा पनि हेटौंडा सिमेन्ट घाटामा जानुलाई सामान्य मान्न सकिँदैन । उद्योगको स्वामित्वमा अरबौंको जग्गा रहेको र सोही जग्गा सरकारलाई बिक्री गरेर उद्योगले घाटा पूरा गर्ने योजना अघि सारेको छ । सचिवस्तरीय निर्णयबाट उद्योगले ५ विघा जग्गा नेपाल राष्ट्र बैङ्कलाई दिने र त्यसबापतको पैसाबाट कर्मचारीको उपदानलगायत घाटा पूरा गर्ने योजना उद्योग व्यवस्थापनको छ ।

अहिले जग्गा दिएर तत्कालको घाटा पूरा गर्न सकिए पनि यो दीर्घकालीन उपाय होइन । उद्योगमा सरकारी स्वामित्व रहेकाले नाफा/घाटामा सरकारको दायित्व हुने भए पनि सधैं घाटामा उद्योग चलेको देखाएर सरकारसँग सहयोग मागिनु उचित हुँदैन । जीर्ण बन्दै गएको उद्योगको उत्पादन संयन्त्रको आधुनिकीकरण गरेर निजी उद्योगसरह सञ्चालन गर्न सरकारले स्पष्ट योजना अघि सार्नु आवश्यक छ । आर्थिक वर्ष २०७२/०७३ देखि लगातार तीन वर्षसम्म ७५ करोड नाफा गरेको उद्योग आर्थिक वर्ष २०७५/०७६ देखि निरन्तर घाटामा चलिरहेको छ । सरकारले बेवास्ता गर्ने र उद्योग व्यवस्थापन सरकारको भर पर्ने हो भने उद्योगलाई थप धराशायी बनाउँदै अन्ततः बन्द गर्नुको विकल्प रहनेछैन । अरबौंको सरकारी सम्पत्तिको सुरक्षा र सदुपयोगका लागि हेटौंडा सिमेन्ट उद्योगमा आधुनिक मेशिन, उपकरणको व्यवस्था गरेर सक्षम व्यवस्थापनमार्फत् उद्योग सञ्चालन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : स्वास्थ्यमा संकट देखा पर्ने समय योग छ । |
| **वृष** | : स्मरण शक्तिमा बृद्धि र पराक्रममा बृद्धि होला । |
| **मिथुन** | : बोलीको प्रभाव बढ्ने भएकाले सफलता प्राप्त । |
| **कर्कट** | : पराक्रमले काममा सुधार आउने योग देखिन्छ । |
| **सिंह** | : बोल्दा विचार पुऱ्याउनु पर्ने समय योग छ । |
| **कन्या** | : समय अनुकुल भएकाले तपाईको पक्षमा जित होला । |
| **तुला** | : समय चिन्ताले सताउने योग देखिन्छ । |
| **वृश्चिक** | : प्रयत्नले काममा सफलता प्राप्ति योग छ । |
| **धनु** | : भाग्यले साथ दिने समय योग रहेको देखिन्छ । |
| **मकर** | : धार्मिक कार्यमा रुचि बढ्ने समय योग छ । |
| **कुम्भ** | : अस्वस्थता र नैराश्यता बढ्ने समय छ । |
| **मीन** | : व्यापार- व्यवसायमा बृद्धि हुने समय योग छ । |

# नेपाली किसानका जल्दा बल्दा समस्याहरु



✍ **सम्राट तुम्बाहाङफे**

**विषय प्रवेशः**

नेपाली किसानहरुका जल्दा बल्दा समस्याहरु के के हुन ? भन्ने जिज्ञासा सवै वर्गमा समुदायहरुमा हुने गर्दछ, तिनै जिज्ञासा एवम् समस्याहरुलाई उजागर गर्न अत्यन्त संक्षेपमा नेपाली किसानका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

१. भुमिहिन दलित र गरीव किसानहरुलाई जमिन प्रदान गर्ने सामन्ती भूस्वामित्व र जमिनको द्वैद्य स्वामित्वको अन्त्य गर्ने, भूमिको वर्गिकरण चक्लावन्दी गरी सहकारी खेती गर्न जमिनको उकास, सुधार र उपयोगमा जोड दिने कृषि योग्य भूमिको खण्डीकरणमा रोक लगाउने, भूमि वैंक मार्फत भूमिको उपयोग गर्ने, सम्पूर्ण गुठीका जमिनहरुको जोत भोग गरेका किसानहरुका नाममा रैकर गर्ने ।

२. अगामी एक दशक कृषि क्रान्तिको दशक घोषणा गरी राज्यले तीन तहका सरकारले नीति, योजना, कार्यक्रम र वजेटमा उचच प्राथमिकता प्रदान गरी कार्यक्रम संचालन गर्ने ।

३. कृषि क्षेत्रलाई व्यवसायिकीकरण, आधुनिकीकरण, विशिष्टीकरण र विविधिकरण गर्दै कृषकलाई वैज्ञानक ज्ञान, सीप र प्रविधिहरुको वारेमा सहज रुपमा जानकारी प्रदान गर्ने, कृषि उद्योगहरुको स्थापना गरी संरक्षण र प्रर्वद्धन गर्ने ।

४. स्थानिय तहमा कृषि उत्पादनहरुको विशिष्टीकरण विविधीकरण गरी पकेट क्षेत्रको विकास गर्ने, पालिकाहरु मार्फत कृषि उत्पादनमा आत्म निर्भर वन्ने रणनिती लागु गर्ने ।

५. किसानहरुको वर्गिकरण गर्ने, किसानहरुको परिचयपत्र वितरण गर्ने, तीनै तहका सरकारहरुले प्रदान गर्ने सेवा, सुविधा र छुटहरु जेनुयन एवम् ग्रासरुटका किसानहरु समक्ष पुऱ्याउने ।

६. स्थानिय उन्नत वीउ विजन तथा नश्लहरुको संरक्षण, उत्पादन र वितरण गर्ने र आत्म निर्भर वनाउन प्रयत्न गर्ने ।

७. कृषि उत्पादनको समर्थन मुल्य निर्धारण गरी राज्यले खरीद गर्ने ।

८. सहकारीले कृषि सम्वन्धी यन्त्रशाला, वीउ वीजन, विषदीको उपलव्धता, प्राविधिक ज्ञान, सीप सम्वन्धी सेवा सम्वन्धीत वडा तथा पालिकामा उत्पादन हुने कृषि तथा कृषि जन्य वस्तुहरुको सुचना अध्यावधिक गराउने ।

९. उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने, किसानहरुलाई योगदानमा आधारित निवृतिभरणको व्यवस्था गर्ने ।

१०. साना किसानहरुमा वित्तिय पहुँचको सुनिश्चितता, कृषिकर्जाको सीमा निर्धारण खारेज, किसानहरुलाई सहुलियत दरको कृषि कर्जा प्रदान गर्ने, साना किसानहरुको कर्जा मिनाह गर्ने र चक्रवर्ति र मिटर व्याजको अन्त्य गर्ने, मिटर व्याज जस्तो अपाराधिक धन्दा किसानहरुलाई शोषण गर्ने, सुदखोर हरुलाई छानवीन गरी कडा कारवाही गर्ने, धितो नहुने किसानहरुलाई सामुहिक जमानीमा सस्तो व्याजमा कर्जा दिदै कर्जाको व्याज वार्षिक किस्तावन्दीमा तिर्ने व्यवस्था गर्ने, भूमिहिन किसानहरुले जमिन खरीद गर्न चाहेमा खरीद गरिने जमिनलाई धितो राखी २ प्रतिशत व्याज दरमा किस्तावन्दीमा सहुलियत दरको कर्जा उपलव्ध गराउने ।

११. कृषि औजार मेसिन, पम्पिङसेट, ट्याक्टर, थ्रेसर लगायत यन्त्र उपकरण खरीदमा ५० प्रतिशत अनुदानको र ९० प्रतिशत भन्सार छुट गर्ने ।

१२. महिला किसान मैत्री कृषि औजार र प्रविधिको विकास गर्ने, महिला किसानलाई भत्ता सहित सुत्केरी विदाको व्यवस्था गर्ने ।

१३. कृषि क्षेत्रका गम्भिर एवम् महत्वपूर्ण समस्याहरुको समाधान गर्न किसान आयोग ऐन निर्माण गरी अधिकार सम्पन्न शतिशाली उच्च स्तरीय र स्थायी प्रकृतिको राष्ट्रिय किसान आयोग गठन गरिनु पर्दछ ।

१४. किसान मैत्री एकिकृत कृषि ऐन कानुन निर्माण गरी लागु गर्ने, खाद्य सम्प्रुभता ऐनको प्रभावकारी कार्यान्वयन गर्ने राष्ट्रिय खाद्य सम्प्रभुता परिषदको गठन गर्ने ।

१५. तरकारी, आलु, पशुपालन, चिया, कफि, च्याउँ, अलैची, फलफुल, पुष्प तथा नर्सरी, माछा मसलावाली खाद्यवाली आदिको छुट्टा-छुट्टै अनुसन्धान तथा विकास वोर्ड स्थापना गर्ने ।

१६. निःशुल्क कृषि तथा पशुधन वीमा कार्यक्रम लागु गर्ने, पशुपालन व्यवसायलाई प्रोत्साहन गर्ने, दुग्ध उपादनमा वृद्धि, कृतिम गर्भधारण प्रभावकारी रुपमा गर्ने, यी कार्यमा सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने । उखु उत्पादनको लागत, चिनीको मुल्य वृद्धिको आधारमा उखुको मुल्य निर्धारण गर्ने ।

१७. मल कारखाना स्थापना गरी परनिर्भरता अन्त्य गर्ने, मलको आपुर्ति सुनिश्चित गर्ने । विषादीको नियन्त्रण गर्ने, जैविक प्रांगारिक मल र विषादी उत्पादन र प्रयोगमा जोड दिने ।

१८. जल जंगल, जमिन, जडिवुटि र जैविक विविधता माथि किसानको नैसर्गिक अधिकार स्थापित गर्ने, महिला किसानका लागि विशेष कार्यक्रम लागु गर्ने, साना मझौला तथा ठूला योजना मार्फत कृषि भूमिमा सिचाईको व्यवस्था गर्ने ।

१९. कृषि मोटरको व्यवस्था गरी कृषि, पशुपालन, मत्स्यपालन योजनाका लागि विद्युत महसुलमा ७५ प्रतिशत छुट गर्ने ।

२०. आधुनिक प्रविधि, ज्ञान र सीप विकासयुक्त जनशक्ति निर्माणका लागि व्यवसायिक कृषि शिक्षा प्रदान गर्ने ।

२१. गाउँ गाउँमा कृषि सुचना केन्द्र स्थापना गरी कृषकलाई प्राविधिक परामर्शको लागि निःशुल्क टेलिफोन, इन्टरनेट सेवा उपलव्ध गराउने ।

२२. प्राकृतिक, मानवीय र वन्यजन्तुवाट कृषि क्षेत्रमा भएको क्षतिपुर्ति, राहत र पुर्नस्थापना गर्न किसानकोष स्थापना गर्ने ।

२३. विदेशवाट भित्रिने कृषि, कृषि जन्य उत्पादनहरुको अवस्थाको अन्त्य गर्दै नेपाली उत्पादनको रक्षा गर्ने ।

२४. मुलुकका विभिन्न भागहरुमा शित भण्डारहरुको निर्माण गरी यसको विद्युतमा ७५ प्रतिशत अनुदान प्रदान गर्ने ।

२५. संधिय, प्रदेश तथा स्थानीय तहहरुमा किसानको संख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्दै राज्यका हरेक तहका नीति निर्माण योजना कार्यक्रम र विकास प्रक्रियामा किसान संघ/संगठनको सहभागिता अनिवार्य रुपमा गराउने ।

२६. किसान अदालत स्थापना गरी किसान एवम् कृषि संग सम्वन्धीत मुद्धालाई छिटो र प्रभावकारी ढङ्गले सम्पादन गरी किसानलाई न्यायमा सुलभता प्रदान गर्ने ।

२७. भुमिहिन, दलित, गरीव तथा सीमान्तकृत किसानहरुलाई राशन कार्डको व्यवथा गरी कृषि सहकारी पसलको माध्यमवाट सस्तो दरमा दैनिक उपभोग्य वस्तुहरु उपलव्ध गराउने ।

२८. जडिवुटि तथा कृषि उत्पादनहरुलाई प्रवर्द्धन गर्ने, निर्यातलाई प्रथमिकता प्रदान गर्ने ।

२९. माछा पालनको लागि पोखरी निर्माण, भुरा र दानामा अनुदानमा वृद्धि गर्ने , मौरी पालक किसानहरुलाई वर्षादको समयमा मौरीलाई फिटिङ गर्न न्यून सहुलियत दरमा ऋण उपलव्ध गराउने ।

३०.चिया, कफि, अलैची, अदुवा लगायत उत्पादनको निर्यात गर्ने ।

३१. अनुदान, वीमा तथा वजार विस्तार र सहुलियत कर्जा उपलव्ध गराउने ।

३२. कृषि विषयमा माध्यमिक विद्यालयको तहवाट अध्यापन कार्य सुरु गराउने, कृषि विषयको आवश्यक्तालाई मध्य नजर राखेर प्रत्येक प्रदेशमा एउटा विश्वविद्यालय स्थापना गर्ने ।

३३. कृषि उद्योग र पर्यटनलाई मध्यनजर राखेर हाम्रा विश्व विद्यालयहरुले विभिन्न तहका प्राविधिक जनशक्ति उत्पादन गर्नु पर्ने ।

(स्रोतः अखिल नेपाल किसान महासंघ राष्ट्रिय समिति 'किसान जागरण' पेज नं. ५१ प्रधान सम्पादनक डा. प्रेम दंगाल, सम्पादकहरु सरिता भुसाल, वावुराम ढकाल

३४. किसान हित विपरीत कुनै पनि अन्तराष्ट्रिय सन्धी सम्झौता गर्न नहुने, कृषि क्षेत्रलाई विश्व व्यापार संगठनवाट अलव गरिनु पर्ने ।

३५. जिल्ला जिल्लामा जैविक र प्राङगरिक मल कारखाना स्थापना गरिनु पर्ने ।

३६. राष्ट्रिय कृषि अनुसन्धान परिषद (नार्क) लाई राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितमा प्रतिस्पर्धात्मक स्थितिको सिंहावलोकन गर्दै राष्ट्रिय आवश्यक्ता अनुसार अनुसन्धान तथा गुणात्मक फड्को मार्न सक्ने वनाउनु पर्ने ।

३७. भूमिहिन सुकुमवासी किसान, मुक्त कमैया, कृषि श्रमिकहरुवा चरुवाहरुको तुरुन्त वसोवासको व्यवस्था गरिनु पर्ने ।

३८. गरीव किसानका छोरा छोरीहरुलाई कक्षा १२ सम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिनु पर्ने ।

३९. दलित किसानहरु माथि सामाजिक भेदभाव गर्नेहरु माथि कढा कार्यवाही गरिनु पर्ने ।

४०. कृषि उपजहरुको मुल्य निर्धारण गर्दा किसानहरुका प्रतिनिधिहरुलाई अनिवार्य रुपमा समावेश गरिनु पर्ने ।

४१. भुउपयोग नीति तुरुन्त लागु गरिनु पर्ने ।

४२. पूर्व राजपरिवार, भाइभारदार, भू माफिया तथा सामन्ती अवशेष, दलाल नोकरशाही पुँजीवादी आदिको भूमि विना मुआब्जा जफत गरी भूमिहिन तथा गरीव किसान वर्गलाई निःशुल्क वितरण गरिनु पर्ने ।

४३. जग्गा हदवन्दी वैज्ञानिक र व्यवहारिक आधारमा गरिनु पर्ने ।

४४. सिचाईको सुविधा प्राप्त खेती योग्य जमिन वाझो राख्न नपाइने कानुनी व्यवस्था गरिनु पर्ने ।

४५. भुक्षय र भू स्खलनरोक्न सधन रुपमा वृक्षारोपण गरिनु पर्ने ।

४६. मुलुकको कृषि, भूमि व्यापार कृषि माथि वहुराष्टिूय कम्पनीको एकाधिकार स्थापित हुन नदिने ।

४७. खाद्य सम्प्रभूताको सुरक्षा राज्यले प्रदान गर्नु पर्ने ।

४८. मुलुकको ऐलानी तथा पर्ती जग्गालाई सुकुम्वासी किसानहरुलाई प्रदान गरिनु पर्ने

४९. हलियाहरुका चरुवा, कमैया प्रथाको अन्त्यको घोषणा गरेतापनि यी प्रथा जीवीतै छन्, यसको उचित समाधानको व्यवस्थापन सहित अन्त्य गरिनु पर्ने ।

(स्रोतः नेपालमा कृषि क्रान्ति सम्भावना र आयाम पेज नं. ३४० र ३४१ बाट)

**निष्कर्षः**

नेपाली किसानहरुका पेशागत हक, अधिकार, कल्याण र हितको निमित्त स्थापित विभिन्न संघ संस्थाहरु, यी संस्थाहरुको माध्यमबाट नेपाली किसानहरुका समस्याहरु सार्वजनिक रुपमा उजागर हुदै आएको छ । नेपाली किसानका समस्याहरु धेरै धेरै प्रकारका छन् तर माथि उल्लेख गरिएका केही जल्दा वल्दा समस्याहरु मात्र यहाँ उल्लेख भएका हुन । वर्तमान नेपालको तीन तहका सरकारले समाधान गर्नको निमित्त ध्यान आकृष्ट गराउनको निमित्त सहज होस् भन्ने अभिप्रायले यी समस्याहरु प्रस्तुत गाएिको छ ।

(लेखकः नेपालको कृषिको वहुआयामिक पक्षको अध्येता हुनुहुन्छ ।)

# बजारको केरा विषाक्त छ कि छैन कसरी चिन्ने ?



✍ **सुमित्रा लुईटेल**




अत्यधिक पोषणले भरिपूर्ण केरा बाह्रैमास पाइने सदाबहार फल हो । केरामा आइरन, क्याल्सियम र भिटामिन प्रशस्त मात्रामा हुन्छ । तर कहिलेकाहीं केरा स्वास्थ्यका लागि हानिकारक पनि साबित हुन सक्छ । यसमा रसायन र विषादीको प्रयोग भएमा केरा स्वास्थ्यका लागि हानिकारक हुन सक्छ ।

त्यसैले बजारमा पाइने केराका विषयमा उपभोक्ताले केही कुरा जान्न जरुरी छ ।

**बजारमा कुन कुन जातका केरा आउँछ ?**

बजारमा बढी पाइने र रुचाइनेमा मालभोग केरा, चिनी चम्पा, धुस्रे, मुंग्रे आदि हुन् । यी विभिन्न जातका केरामध्ये मालभोग केरालाई धेरैले रुचाउँछन् । नेपाली बजारमा स्थानीय उत्पादनले नै माग पूरा गर्न सक्ने भए पनि भारतमा पनि ठूलै मात्रामा केरा आयात हुने गरेको छ ।

**केरा बोटमै पाक्छ वा पकाइन्छ ?**

केरा 'क्लाइम्याक्टेरिक फ्रुट' अर्थात् बोटबाट टिपेपछि पनि पाक्ने फलमा पर्छ । तर केरा बोटमै पनि पाक्छ । इथिलिन एक हार्मोन हो जुन प्राकृतिक रूपमा फलफूलभित्र उत्पादन हुन्छ र यो प्राकृतिक रूपमा पाक्छ । तर केरा नपाकी टिपेर कृत्रिम इथेलिनको प्रयोग गरेर पनि पकाउने गरिन्छ । छिटो टिपेर पकाउनका लागि रसायनको प्रयोग गरेको त पाउन सकिन्छ । यसरी छिटो पकाउन खोज्दा प्रयोग गरेको रसायनको प्रयोग बढी भएको फल पनि बजारमा भेट्न सकिन्छ । यो कुरामा किसान र व्यापारी अलि सचेत हुनुपर्छ ।

**कुन किसिमको रसायन मिसाइन्छ** ?

...बाँकी पृष्ठ ३ मा

# नक्कली बिल बनाएर राजस्व छली, ४२ कर्मचारी अनुसन्धानमा तानिए

काठमाडौंः भन्सारका कर्मचारीकै संलग्नतामा नक्कली बिल बनाएर भन्सार छली गर्ने गरिएको खुलेको छ । यस्तो कार्यमा संलग्न भएको आरोपमा राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारका ४२ जना कर्मचारीमाथि अनुसन्धान थालेको छ ।

विदेशबाट नेपाल आयात भएका वस्तुको भन्सार जाँचपास गर्दा नक्कली बिल पेश हुँदा त्यसैका आधारमा ती कर्मचारीहरुले भन्सार जाँचपास गरिदिएको प्रारम्भिक अनुसन्धानमा देखिएको विभागले जनाएको छ। 'राजस्व छली गर्ने उद्देश्यका साथ व्यापारीले खडा गरेको नक्कली बिलकै आधारमा ती कर्मचारीहरुले आयातित वस्तुको भन्सार जाँचपास गरेको देखिएको छ', राजस्व अनुसन्धान विभागले जनाएको छ ।

भन्सार छलीका लागि व्यापारीको मिलोमतोलाई सहयोग पुऱ्याउने गरी करोडौं राजस्व छलिएको आशंकामा अनुसन्धान भइरहेको विभाग स्रोतले जानकारी दियो । 'उक्त छलीमा राज्यमा करोडौंमा राजस्व गुमेको देखिएको छ । विस्तृत अनुसन्धानपछि मात्रै थप विषय खुल्छ', स्रोतले भन्यो। यो विषय अनुसन्धानकै क्रममा रहेको भन्दै संलग्न कर्मचारीको नाम र छलिएको राजस्व रकम खुलाउन भने विभागले अस्वीकार गरेको छ ।

नक्कली बिल खडा गर्ने आयातकर्ताको बदमासीलाई सहयोग गर्नेमा नासुदेखि अधिकृत तहसम्मका कर्मचारी संलग्न रहेको देखिएको विभागले जनाएको छ । विभागका अनुसार ५२ वटा प्रज्ञापनपत्रमार्फत् फरक-फरक आयात भएका वस्तुमा नक्कली बिल प्रयोग भएको थियो । विमान कम्पनीले वस्तु आयातमा जारी गर्ने बिललाई च्यातेर भन्सार छली गर्न फोटोकपी गरेर नक्कली बिल बनाइएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। यस्तो गर्दा वस्तुको भन्सार मूल्यांकनकै बेला कम मूल्यांकन भई राजस्व गुमेको हो।

यस कार्यमा संलग्नहरुको सूची तयार गरेर गत हप्ता राजस्व अनुसन्धान विभागले बयानका लागि समन्वय गरिदिन भन्सार विभागलाई पत्राचारसमेत गरिसकेको छ। राजस्व अनुसन्धान विभागका अनुसार यो प्रकरण संगठितरुपमा भएको हो वा व्यक्तिगत भन्ने दृष्टिकोणबाट पनि अध्ययन भइरहको छ।

भन्सार विभागले भने राजस्व अनुसन्धान विभागको अनुसन्धान प्रक्रियाबारे औपचारिक जानकारी नभएको जनाएको छ। 'अनौपचारिकरुपमा मातहतका कार्यालयका कर्मचारीहरु अनुसन्धानमा परेको भन्ने सुनिएको छ । केही कर्मचारीहरु बयानमा गएको भन्ने पनि सुनिएको छ', एक अधिकारीले भने, 'तर, कति संख्या र विषयको गहिराई हामीलाई थाहा हुन्न ।' (स्रोतः अनलाइनखबर)

# नेपालको पर्यटनसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडामा सोमबार नेपालको पर्यटनसम्बन्धी अन्तरक्रिया तथा फोटो प्रदर्शनी कार्यक्रम भएको छ। अठोट नेपाल काठमाडौंको आयोजनामा कार्यक्रम भएको हो।

कार्यक्रममा अठोट नेपालका अध्यक्ष देवेन्द्रबहादुर शाहीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रम नेपालको विभिन्न ठाउँहरुमा पर्यटकीय स्थलहरुलाई फोटो/भिडियोको माध्यमबाट कसरी प्रबर्द्धन गर्न सकिन्छ भन्ने कुरा बुझाउन आयोजना गरेको बताइएको छ । कार्यक्रममा मेयर लामाले सबै प्रकृतिमा रमाउन थालेमा धेरै कुरा सिक्न सकिने बताउँदै फोटो/भिडियोको माध्यमबाट हेटौंडालाई विभिन्न ठाउँहरुमा प्रचारप्रसार गर्न सकिने र चराचुरुङ्गीको संरक्षण गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा संस्थाका अध्यक्ष शाहीले अठोट नेपाल संस्थाले विगत १५ वर्षदेखि पर्यटनसँग सम्बन्धित भएर काम गर्दै आएको बताउँदै संस्थाले विभिन्न संस्थाहरुसँग सहकार्य गर्दै अन्तरक्रिया गर्ने काम गर्दै आएको जानकारी गराउनुभयो । संस्थाले पर्यटन बोर्ड, पर्यटन मन्त्रालयसँग मिलेर फोटो प्रदर्शनी गर्ने गरेको उहाँको भनाइ छ। यस्ता कार्यक्रम जनकपुर, इलाममा पनि हुन लागेको शाहीले बताउनुभयो । यस कार्यक्रमले नेपालको सातै प्रदेशमा फोटो/भिडियो प्रदर्शनी गरी नेपालको पर्यटन विकासमा मद्दत पुऱ्याउने शाहीको भनाइ छ ।

# मकवानपुर बालविद्या सदन

## हेटौंडा-१८, खड्कुले

## आमा



सामना रिजाल कक्षा ६

मेरी आमा तिमी प्यारी तिमीनै छौ महान
तिम्रै कारण खुसी छन् हाम्रा सबै जहान
हुर्कायौ, पढायौ असल मान्छे बनायौ
हामीलाई सँधै तिमीले सत्मार्ग देखायौ

मेरो खुसीलाई नै आफ्नो खुशी बनायौ
राम्रो शिक्षा दिई राम्रो मान्छे बनायौ
अँध्यारोबाट उज्यालोको यात्रा गरायौ
दुःख गरे सुख मिल्छ भन्ने पाठ पढायौ

माया ममता दियौ अनि दियौ सँधै साथ
मेरो शिर राख्यौ सँधै आशिर्वादका हात
तिम्रो यो न्यानोपनलाई बिर्सिन्न म आमा
मेरी आमा तिमी प्यारी तिमी छौ महान

## सपना किन विपना जस्तो हुँदैन ?



विनिया दाहाल
कक्षा-६

सपना बिपना जस्तो किन हुँदैन
सपनीमा भिज्ने नयन विपनीमा किन रुँदैन
सपनामा चरा बन्छु कहिले बन्छु माछा
बिपनीमा चाहिँ सँधै हुन्छु मान्छेकै रुपमा
खै किन हुन्न सपनी बिपनी जस्तो
सोच्दाखेरी लाग्छ मलाई कस्तो कस्तो

सपनीमा आफुलाई नयाँनयाँ ठाउँमा देख्छु
बिपनीमा भने सँधैभरी आफ्नै घरमा हुन्छु
सपनीमा रोएको देख्छु, विपनीमा हाँस्छु
सपनी छुटेको कुरा, विपनीमा म गाँस्छु

सपनीमा नयाँ नयाँ लुगा लगाई हिँड्छु
बिपनीमा हेर्दा घरकै लुगामा पाउँछु
कस्तो हुन्थ्यो यस्तो सपना विपना भैदिए
सपनाका राम्रा कुरा विपनामा आईदिए

# अनलाइन जुवा खेलाएको आरोपमा चार जना पक्राउ

काठमाडौंः अनलाइन जुवा खेलाएको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले आइतबार साँझ चार जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा बारा जितपुर सिमरा उपमहानगरपालिका वडा-९ घर भई हाल काठमाडौं वडा-१ बस्ने २४ वर्षीय राजा चौधरी, जितपुर सिमरा उपमहानगरपालिका-८ घर भई काठमाडौं महानगरपालिका-१४ बस्ने २५ वर्षीय विवेक चौधरी छन् । त्यस्तै, काठमाडौं महानगरपालिका-२६ बस्ने २५ वर्षीय रितेन्द्र प्रधान र नवलपरासी त्रिवेणी सुस्ता गाउँपालिका-२ घर भई काठमाडौं महानगरपालिका-२६ बस्ने २४ वर्षीय आशा गुरूङलाई प्रहरीले पक्राउ गरेको प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनीहरूले मारिया स्वीप, मारिया शनको फेसबुक अकाउन्टबाट दैनिक ८ घण्टाका दरले गेम खेलाउने गरेको पाइएको प्रहरीले जनाएको छ। उनीहरूलाई सोधपुछ गर्दा मोबाइलमा अनलाइन क्यासिनो गेममार्फत् बाजी राख्न लगाई सट्टेबाजी खेलाउने गरेको प्रमाण प्रहरीले फेला पारेको छ ।

उनीहरूको मोबाइलबाट विदेशी नाम गरेका व्यक्तिहरूले च्याटमार्फत् अनलाइन ग्यामलिङ अकाउन्टमा रकम राखिएको र झिकिएको पाइएको प्रवक्ता रेग्मीले बताए । (स्रोतः सेतोपाटी)

# बजारको केरा...

केरा पकाउने क्रममा इथेलिन रसायन मिसाइन्छ । साथै केरा चाँडो पाकोस् भनेर कर्बोहाइड रसायनको प्रयोग गरेको पनि पाइन्छ । जुन वैज्ञानिक तरिकाले मात्रा मिलाएर मिसाइयो भने त्यसले कुनै असर गर्दैन । तर मात्रा धेरै भयो भने यसले स्वास्थ्यमा असर गर्छ । यस्ता रसायनको प्रयोग नै नगरी बोटमै पाक्न दिंदा त्यो अझै स्वस्थकर हुन्छ ।

**रसायन र विषादी हालेको केरा कसरी चिन्ने ?**

केरामा रसायन हालेर पकाइएको छ कि छैन भनेर चिन्न केही कुरामा ध्यान दिनुपर्छ । कर्बोहाइड तथा अन्य रसायन प्रयोग गरिएको छ भने गन्ध फरक हुन्छ । फलफूलको प्राकृतिकभन्दा अलि फरक गन्ध आउन सक्छ । आकार हेरेर पनि केरामा रसायन मिसाएको छ कि छैन पत्ता लगाउन सकिन्छ । केराको आकार प्राकृतिक भन्दा ठूलो वा रंग फरक छ भने रसायन मिसाएको हुन सक्छ ।

कृत्रिम रूपमा पकाएको छ भने सबैतिर राम्ररी नपाकेको हुन सक्छ । कतै पाकेको र कतै काँचो भने त्यसलाई रसायनको सहायताले पकाइएको हो भनेर बुझ्नुपर्छ ।

कस्तो रसायन मिसाइएको हो । कति मात्रामा मिसाइएको हो भनेर थाहा पाउन भने ल्याब जाँच नै गर्नुपर्छ ।

**केरालाई विषादीरहित बनाउने कुनै उपाय छ ?**

केरालाई विषादीरहित भन्दा पनि विषादीको प्रभाव कम गर्न केरा किनेर ल्याएको एक-दुई दिनपछि मात्र प्रयोग गर्नु उपयोगी हुन्छ । खानुअघि एक घण्टा पानीमा डुबाएर राखियो भने पनि त्यसमा भएको रसायनको मात्रा कम भएर जान्छ ।

**केराको मुख्य सिजन कहिले ?**

केराको मुख्य सिजन फागुनदेखि कात्तिकसम्म हो । तर अन्य फलफूलको तुलनामा यो अन्य सिजनमा पनि पाइन्छ ।

(खाद्य अनुसन्धान अधिकृत रायमाझीसँग अनलाइनखबरकर्मी सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित)

## मोटरसाइकल हराएको सुचना

मिति २०८० साल असार ९ गतेका दिन हेटौंडा-५, राईटोल बस्ने जय प्रसाद पोखेलको नाममा रहेको बा.प्र. ०३-००५ प ६४२० नम्बरको कालो रङ्गको १२५ सिसिको होण्डा साइन मोटरसाइकल (च्याचिस नं. ME4JE65BENG019257, इन्जिन नं. JC65EG0255743) हेटौंडा-४ जोशी नर्सरी अगाडी पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सुचना प्रकाशित गरिन्छ ।

**सम्पर्कः ९८४५०२९३५२**

## ऋण चुक्ता गर्न आउने बारे सूचना

*(सूचना प्रकाशित मिति २०८०/०३/१२ गते)*

यस उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.का ऋणी श्री सज्जन कुमार महर्जनले मिति २०७७/०७/०५ गते हायर पर्चेज अन्तर्गत यस उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.बाट यामाहा स्कूटर, सवारी मोडेल RayZR SR, बनेको साल २०२०, च्यासिस नम्बर ME19EG468L0017926 ईन्जिन नं E329E0160791 स्कूटर हायर पर्चेज अन्तर्गत खरिद गर्नुभएको तर हालसम्म पनि ऋण चुक्ता नभएको र बारम्बार ताकेता गर्दा पनि सम्पर्कमा नआउनु भएको कारणले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा उपस्थित भई सम्पुर्ण ऋण चुक्ता गर्न हुन अनुरोध गर्दछौं अन्यथा लिलामी प्रकृया अपनाई बाँकी वक्यौता असुल उपर ब्यहोरा जानकारी गराईन्छ ।

**उपयोगी सहस्राब्दी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-११, नवलपुर, मकवानपुर**

## डेस्कटप डिजाइनर चाहियो

हेटौंडा-२, मानसचोकस्थित एक डेस्कटप सेवा सञ्चालन गर्दै आएको कम्पनिलाई डेस्कटप डिजाइनर आवश्यक भएकोले इच्छुक योग्य व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला । फोटोशप चलाउन जान्ने । दश जोड दुई तह अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइनेछ ।




**तलब**: आपसी समझदारीमा तय गरिनेछ। सम्पर्कः ९८४८७०८७८०

## सूचीकृतको लांगि आव्हान

*(सूचना प्रकाशित मिति २०८०/०३/१०)*

यस संजीवनी बचत तथा ऋण सहकारी संस्था लि. लाई आ.व. २०८०/०८१ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बस्तु सेवाहरू उपलब्ध गराउन ईच्छुक रजिष्टर्ड फर्म/कम्पनी/सप्लायर्स/आपुर्तीकर्ताहरूबाट फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर प्रमाणपत्र तथा गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थामा आइपुग्ने गरी सूचीकृत दर्ताको लागि आफूले उपलब्ध गराउने बस्तु तथा सेवाको सूची सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ, साथै म्याद नाघी आएको निवेदन उपर कुने कारवाही गरिने छैन ।

**तपशिल**

क) १. स्टेशनरी तथा मसलन्ध सामानहरू ।
२. छपाई तथा आपूर्ती सम्वन्धि कार्यहरू ।
३. कम्प्युटर पेपर, Reciept पेपर तथा आपूर्ती सम्वन्धि कार्यहरू ।
४. फ्लेक्स, साई बोर्ड, व्यानर, कम्प्युटर डिजाईन आपूर्ती सम्वन्धि कार्यहरू ।
५. अन्य विविध आपूर्ती सम्वन्धि कार्यहरू ।
ख) १. कम्प्युटर, प्रिन्टर, सि.सि. टि.भी., ईन्टनल टेलिफोन, नेटवर्ककीङ्ग, नोट काउण्टीङ्ग मेशिन स्क्यानर, फोटोकपी, ईन्भटर, ब्याट्री, विविध उपकरणहरू वार्षिक मर्मत सम्झौता सम्बन्धी सेवाहरु ।
ग) १. ऋण घितो मूल्याङ्कन कर्ता

**नोटः- पेश गर्नुपर्ने कागजातहरूः**

१. संस्था वा फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
२. स्थायी लेखा वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
३. आर्थिक वर्ष २०७९/०८० को करचुक्ता दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. संस्था वा फर्म/कम्पनीको कार्य अनुभव खुल्ने कागजात ।

**का.मु. व्यवस्थापक**
**प्रकाश बहादुर खनाल**

**संजीवनी बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-५ पिप्ले, मकवानपुर**
**सम्पर्कः ०५७-५२५९५२, ९८५५०७५१५६**
नेफ्स्कून

## स्वादिष्ट नेवारी खाजा।




अब

## होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५१९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# पालुङ जेसीजको कुलतविरुद्ध सचेतना




समाज संवाददाता

हेटौंडाः पालुङ जेसीजको आयोजनामा लागूऔषध र कुलतविरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको छ । सोमबार लागूपदार्थ ओसारपसारविरुद्धको अन्तराष्ट्रिय दिवसको अवसरमा जेसीजले सचेतना कार्यक्रम गरेको हो ।

सचेतना कार्यक्रममा जनकल्याण माध्यमिक विद्यालय पालुङका कक्षा ११ र १२ मा अध्ययनरत ४५ जना विद्यार्थीहरुको सहभागिता रहेको पालुङ जेसीज वर्ष २०२३ का कार्यकारी उपाध्यक्ष दीपा बलले बताउनुभयो । कार्यक्रम पालुङ जेसीज वर्ष २०२३ का कार्यक्रम संयोजक मानसिं दोङको संयोजकत्वमा भएको थियो ।

पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीको अध्यक्षतामा भएको सचेतना कार्यक्रम जनकल्याण माविका प्रधानाध्यापक तथा पालुङ जेसीज वर्ष २००५ का अध्यक्ष सानोभाइ कार्कीको प्रमुख आतिथ्य रहेको थियो । सुधार केन्द्रका काउन्सिलर रुद्राक्ष सुवेदीले सहजीकरण गर्नुभएको कार्यक्रममा जेसीजका पूर्वअध्यक्ष मनोज रायमाझी, कोषाध्यक्ष माधव कार्की, कानुनी सल्लाहकार निरज रायमाझी, महासचिव सञ्जय गोपाली, उपाध्यक्ष अजय कार्कीलगायतको उपस्थिति रहेको थियो ।

यसैबीच थाहा नगरपालिकाकै हिमालयन इङ्लिस सेकेन्डरी बोर्डिङ स्कूलको आयोजना र पालुङ जेसीजको सहकार्यमा लागूऔषध र कुलतविरुद्धको सचेतना र्‍याली सम्पन्न भएको छ । विद्यालयका शिक्षक र विद्यार्थीहरुले सचेतनामूलक नारा, सन्देश लेखिएका प्लेकार्डसहित स्थानीय शिखरकोट बजार परिक्रमा गरी सभासहित कार्यक्रम समापन भएको थियो ।

पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीको अध्यक्षतामा भएको र्‍यालीसहितको सभामा हिमालयन इङ्लिस सेकेन्डरी बोर्डिङ स्कूलका प्रिन्सिपल बाबुलाल कार्कीको प्रमुख आतिथ्य थियो । कार्यक्रममा रुद्राक्ष सुवेदीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा पालुङ जेसीजका कोषाध्यक्ष माधव कार्की, कानुनी सल्लाहकार निरज रायमाझी, महासचिव सञ्जय गोपाली, उपाध्यक्ष अजय कार्की, कार्यक्रम संयोजक मानसिं दोङलगायतको उपस्थिति रहेको थियो ।

# मनहरीमा जनजाति युवालाई तालिम

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरीमा आदिवासी जनजाति युवाहरुका लागि आयोजित नेतृत्व विकाससम्बन्धी तालिम सम्पन्न भएको छ। ग्रेटर ताम्सालिङ मिडियाको आयोजना तथा मनहरी गाउँपालिकाको सहयोगमा तालिम भएको थियो ।

शुक्रबारबाट सुरु भएको तालिम आइतबार सम्पन्न भएको हो । तालिममा पत्रकार शिवकुमार काशी, ज्ञानेन्द्र तामाङ, आदर्श थोकर, अधिवक्ता अजयकुमार तामाङलगायतले सहजीकरण गर्नुभएको थियो । ३ दिनसम्म अयोजित तालिममा पालिकाका ५० जना जनजाति युवाहरुको सहभागिता रहेको थियो ।

समापन कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जनजाति युवाहरुले सिकेको विषयलाई ब्यवहारमा उतार्न आग्रह गर्नुभयो । समुदायको भाषा, संस्कार, सस्कृति संरक्षणका लागि पालिका हरदम तयार रहेको उहाँले बताउनुभयो ।

पालिका उपाध्यक्ष सीता पुलामी मगरले विगतदेखि नै विभिन्न बहानामा जनजाति समुदायलाई पछि पार्ने काम हुँदै आए पनि अब त्यस्तो अवस्था नरहेको बताउनुभयो । देशमा संघीय गणतन्त्रको प्राप्तिसँगै सबै जाति समुदायको हकअधिकार र पहुँच निर्माण भएको भन्दै उहाँले नेतृत्व विकास अत्यावश्यक रहेको बताउनुभयो ।

ग्रेटर ताम्सालिङ मिडियाका अध्यक्ष दिलबहादुर लामाको सभाध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा मनहरी २ का वडा अध्यक्ष राजकुमार पाख्रिन, ५ नम्बर वडाका अध्यक्ष दीपेन्द्र अधिकारी, ९ नम्बर वडाका वडाध्यक्ष राजकुमार श्रेष्ठ, गाउँपालिकाका सामाजिक विकास शाखा प्रमुख ज्ञानेन्द्र ढकाल, जनजाति समन्वय समिति मनहरी गाउँपालिकाको कार्यकारी उपाध्यक्ष बुद्धरत्न लामालगायतको आतिथ्य थियो ।

# विजय युथ गोल्डकपको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको विजय युथ गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। सोमबार भएको क्वाटर फाइनल खेलबाट पदमपोखरी युनाइटेड र चाइना पब्लिक युथ क्लब गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेका हुन् ।

हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा भएको क्वाटरफाइनल खेलमा पदमपोखरी युनाइटेडले नागस्वती एफसीलाई ३–० गोल अन्तरले पराजित गरेको छ। पदमपोखरीको जितमा प्रदिप लामाले दुई गोल गरे भने कुलदीप कार्कीले एक गोल गरे । खेलको म्यान अफ द म्याच पदमपोखरीका प्रदिप लामा भए ।

सोमबारकै अर्को क्वाटरफाइनल खेलमा चाइना पब्लिकले पशुपति युथ क्लबलाई पराजित गरी सेमिफाइनल प्रवेश गरेको छ । चाइना पब्लिकले पशुपति युवा क्लबलाई ७–३ को गोल अन्तरले पराजित गरेको हो। खेलमा पशुपति युवा क्वलका बिमल लामा म्यान अफ द म्याच भए ।

विजय युथ क्लबको आयोजनामा भएको प्रतियोगिताको फाइनल आगामी असार १५ गते हुने बताइएको छ । प्रतियोगिताको विजेताले शिल्ड, मेडल र प्रमाणपत्रिसहित २ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछ।

# लागूऔषधसहित घिमिरे पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा–११ का १९ वर्षीय सागर घिमिरे रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

आइतबार साँझ ७ बजेर ३० मिनेटको समयमा हेटौंडा–१५ स्थित रातोमाटेमा प्रहरी टोलीले वीरगञ्जबाट हेटौंडा आउँदै गरेको बागमती प्रदेश ०३–००१ ग ३१५ नम्बरको माइक्रोलाई सुरक्षाजाँच गर्दा माइक्रोमा सवार घिमिरेको साथबाट लुप्रिन–१०, डाईजोपाम–१०, सुनारगन–१० नामक ३० एम्पुल लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ । लागूऔषधसहित घिमिरेलाई पक्राउ गरेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# प्रदेशस्तरीय नवप्रवर्तन उद्यमी विकास सम्मेलन गरिने



समाज संवाददाता

हेटौंडाः हेटौंडामा प्रदेशस्तरीय प्रथम ‘नवप्रवर्तन उद्यमी विकास सम्मेलन’ हुने भएको छ । बागमती प्रदेश सरकारको पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको आयोजना तथा नेपाल घरेलु तथा साना उद्योग महासंघ वागमती प्रदेश समितिको सहकार्यमा आगामी २०८० साल असार १४ र १५ गते रोयल पार्टी प्यालेस हेटौंडा–४ मा सम्मेलन हुने भएको हो ।

सोमबार पत्रकार सम्मेलन गर्दै बागमती प्रदेशका सबै जिल्लाहरुबाट नवप्रवर्तन उद्यमीहरु, इच्छुक लगानीकर्ताहरु र महासंघका प्रदेश समिति तथा जिल्ला समितिका पदाकिारीहरु गरी करिब २५० जना उद्यमीहरु सहभागी हुने घरेलु तथा साना उद्योग महासंघ बागमतीका कार्यबाहक अध्यक्ष तारानाथ चौलागाईले बताउनुभयो ।

सूचना प्रविधि र आधुनिक प्रविधिमा आधारित उद्यम व्यवसायले मात्र अहिलेका उपभोक्ताहरुको चाहना परिपूर्ति गर्ने अवस्था बनिरहेको उहाँले बताउनुभयो । नेपाल भौगोलिक हिसाबले र प्राकृतिक श्रोत सम्पदाको हिसाबले नवप्रवर्तन उद्यमीहरुको विकासको लागि उर्वर भूमि भएको उहाँले जानकारी दिनुभयो। सम्मेलनबाट छानिएका नवप्रवर्तन उद्यमीहरुलाई महासंघले राष्ट्रिय आविष्कार केन्द्रसँगको सहकार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय पालिकाहरुमार्फत् प्रवर्द्धन र विकास गर्न सहयोग पुर्‍याउने लक्ष्य रहेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

# गाँजासहित दुई भारतीय पक्राउ



*लागुऔषध गाँजासहित पक्राउ परेका विंद र मण्डललाई प्रहरीले सार्वजनिक गर्दै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध गाजासहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको उत्तर प्रदेश, जिल्ला बलिया गरवार बिसुकियाका ३४ वर्षीय हनुमान विंद र सोही ठाउँकी ३५ वर्षीय शर्मिला मण्डल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोमबार बिहान ८ बजेर २० मिनेटको समयमा प्रहरी चौकी बसपार्क हेटौंडाबाट खटिएको प्रहरी टोलीले गस्ती गर्दै जाने क्रममा हेटौंडा–१०, बसपार्कस्थित वीरगञ्ज जाने काउण्टर नजिकै शंकास्पदरुपमा बसिरहेको अवस्थामा उनीहरुलाई खानतलासी पूर्जी दिई रितपूर्वक सुरक्षाजाँच गर्ने क्रममा उनीहरुले बोकेको झोलाभित्र लुकाईछिपाई ल्याएको अवस्थामा १४ किलो लागूऔषध गाँजा फेला पारी बरामद गरिएको प्रहरीले जनाएको छ। लागूऔषधसहित दुबै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# माइक्रो र मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको इच्छाकामना गाउँपालिका वडा नम्बर ४ स्थित कुरिनटारमा माइक्रोबस र मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकल चालक रुपन्देही जिल्लाको कञ्चनजंगा नगरपालिका–१ का ३६ वर्षीय हेमन्त कुमाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

आइतबार दिउँसो १ बजेर ५५ मिनेटको समयमा बुटवलबाट काठमाडौं जाँदै गरेको बा ३ ख ९४६० नम्बरको माइक्रो र विपरित दिशाबाट आउँदै गरेको लु ९३ प ९४६ नम्बरको मोटर साइकल आपसमा ठोक्किएर दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक कुमाल गम्भीर घाइते भएका थिए ।

घाइते कुमाललाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर पठाइएकोमा दिउँसो २ बजेर ५५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेका थिए। माइक्रो चालक प्रहरीको नियन्त्रणमा रहेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

**हेटौंडा कृषि बजार**
हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।





**सेवाहरू**
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**



स्टल सिमित छ ।



